सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट बाट आज भएका गतिविधिहरु

*मिति २०७६/१२/२८ गते*




गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय अस्पताल विकास महाशाखाका प्रमुख डा रामबहादुर के.सी सहितको टोलिले स्वास्थ्य कार्यालय, तनहुँ, दमौली अस्पताल र जी.पी कोइराला श्वासप्रश्वास अस्पतालकोको अनुगमन गरि आवश्यक सल्लाह र निर्देशन प्रदान गरेको छ।

कोभिड-१९ परिक्षणका लागि संघीय सरकारबाट प्राप्त Rapid Diagnostic Test (RDT) किट स्वास्थ्य निर्देशनालयका कर्मचारी सहितको टोलिले म्याग्दी, पर्वत, स्याङ्जा तनहुँ, लमजुङ्ग, गोरखा, नवलपुर लगायत विभिन्न जिल्लामा वितरण गरेको छ ।





यो किटले विशेषगरी चैत्र महिनाभित्र विदेशबाट आएका व्यक्तिहरुमा कोभिड-१९ को परिक्षण गरिनेछ। बाग्लुङ्ग जिल्लामा भने हिंजोदेखि नै स्वास्थ्य सेवा विभाग, धौलागिरी अंचल अस्पताल र स्वास्थ्य कार्यालय बाग्लुङ्गको टोलीले Rapid Test kit मार्फत विदेशबाट आएकाहरुको कोभिड-१९ परिक्षण शुरु गरिसकेको छ। यसैगरी कास्कीको रुपामा समेत RDT मार्फत विदेशबाट फर्किएका व्यक्तिको नमुना परिक्षणको शुरुवात भैसकेको छ।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०



कोभिड-१९ तथा अन्य संक्रामक रोग रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि गठित एम्बुलेन्स व्यवस्थापन समिति को बैठकले एम्बुलेन्स २४ सै घण्टा सेवा दिन सक्ने अवस्थामा राख्ने, एम्बुलेन्स पार्टेशन गर्ने, शंकास्पद र संक्रमित विरामीलाई ओसारपसार गर्दा चालक र कर्मचारीलाई PPE को व्यवस्था गर्ने, एम्बुलेन्स चालक र स्वास्थ्यकर्मीको नाम र सम्पर्क संबर समेत अद्यावधिक गर्ने, सेवा दिन आनाकानी गर्ने संस्था एवं व्यक्तिलाई संक्रामक ऐन २०२० को दफा ३ बमोजिमको कानूनी कारबाहीको लागि सिफारिस गर्ने लगायतका निर्णयहरु गरेको छ।

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्युले आज बाग्लुङस्थित धौलागिरी अंचल अस्पताल पुगी कोभिड -१९ संक्रमित २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको छ। मुख्यमन्त्रीज्यू संगै गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यू, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार गोविन्द नेपाली लगायतको टोलिले अस्पतालको निरिक्षण र आइसोलेसन वार्डमा उपचाररत २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको हो।





**चैत्र २८ गतेसम्म हेल्लो डाक्टर १०९२ मा सेवा लिने सेवाग्राहीको संख्या ५३०**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०





गण्डकी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूको नेतृत्वमा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, स्वास्थ्य कार्यालय प्रमुखज्यू, लगायतका प्रतिनिधिहरुले अस्पताल व्यवस्थापन समितिका अध्यक्षज्यू अस्पतालका मे.सु लगायत समितिका सदस्यहरुसंग कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनको पूर्वतयारीका सम्बन्धमा जानकारी लिनुभएको छ सो अवसरमा माननीय मन्त्रीज्यूले गोरखा अस्पताललाई, PPE सेट, RDT किट, क्लोरिन, मास्क लगायतका सामग्री हस्तान्तरण गर्नुभएको थियो।



पोखरा स्वास्थ्य प्रतिष्ठानमा कोभिड-१९ को परिक्षण पश्चात गर्दै चिकित्सक र प्रयोगशाला प्राविधिकहरुको टोलीले दैनिक रेकर्डिङ/रिपोर्टिंग गर्दै आएको छ । गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुबाट संकलित नमुनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा स्थापना गरिएको RT-PCR मेसिनबाट दैनिक परिक्षण हुँदै आएको छ।

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

**लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस। सामाजिक दुरी कायम राख्नुहोस।**

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि चैत्र २८ गतेसम्मको विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 12 | 111 | - | 389 | 86 | 86 | 0 | 0 |
| स्यांग्जा | 34 | 1338 | 42 | 596 | - | 46191 | 4 | - | 581 | 101 | 100 | 0 | 1 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 3 | 3 | 0 | 0 |
| लमजुङ्ग | 68 | 949 | 29 | 24 | 4 | 226 | 5 | - | 188 | 30 | 30 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 3 | 3 | 0 | 0 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 0 | 316 | 50 | 46 | 0 | 4 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 4 | 4 | 0 | 0 |
| बाग्लुङ्ग | 37 | 219 | 26 | 990 | - | 13034 | 9 | 2 | 836 | 38 | 23 | 2 | 13 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 2 | 560 | - | - | - | - |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 7 | 2 | 4 | - | 10 | - | 25 | - | - | - | - |
| **जम्मा** | 295 | 4921 | 209 | 2777 | 89 | 60367 | 265 | 4 | 4543 | 318 | 298 | 2 | **18** |

**नवराज शर्मा**
**स्वास्थ्य शिक्षा प्रशिक्षक**
**स्वास्थ्य निर्देशानालय, पोखरा**

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं १०९२ मा सम्पर्क राख्नुहोस् ।